# नगर कार्यपालिकाको मिति २०७६।०३।३० गतेको ५७ औ बैठकको निर्णय प्रतिलिपि

**निर्णय नं. १**

सुन्दरबजार अस्पतालमा कार्यरत चिकित्सकबाट भोटेवोडारमा प्रदान गरिएको सेवाको सम्वन्धमा सार्वजनिक सरोकार समाज फेदीकुना बाट मिति २०७६।०३।१५ मा प्राप्त उजुरीका सम्वन्धमा छानविन गरी पैतालिस दिन भित्र राय सहितको प्रतिवेदन पेश गर्न लेखा अधिकृत श्री नरेन्द्र राज घिमिरे संयोजक तथा स्वास्थ्य शाखाका प्रमुख श्री रामेश्वर सेढाई र प्रशासन शाखाका ना.सु. श्री दिपेन्द्र पण्डित क्रमश सदस्य तथा सदस्य सचिव रहेको छानविन समिति गठन गर्ने।

**निर्णय नं. २**

नगर कार्यपालिकाका वडा नं. ३ का अन्नपूर्ण न्यौपाने द्वारा कृषि सम्पर्क कार्यालय वसेको घरभाडा उपलब्ध गराईदिने भनी पेश गरिएको निवेदनका सम्वन्धमा छलफल हुँदा माग भए बमोजिम प्रतिमहिना रू १५००।०० (अक्षेरूपी एक हजार पाँच सय मात्र) का दरले २०७५।०४।०१ देखी २०७६।०३।३१ सम्म गरी १२ महिनाको जम्मा रू १८०००।०० (अक्षेरूपी अठार हजार मात्र) भुक्तानी दिने।

**निर्णय नं. ३**

टोखा नगरपालिका ६ धापासी काठमाण्डौ निवासी प्रमोद कुमार शर्मा भट्टराईद्वारा तीन थान नेपालको नक्सा अंकित बोर्डकालागि प्रति वोर्ड ८५००।०० (अक्षेरूपी आठ हजार पाँच सय मात्र) का दरले कुल रकम रू २५५००।०० (अक्षेरूपी पच्चिसहजार पाँच सय) माग भएको सम्वन्धमा छलफल गर्दा माग भए बमोजिमको रकम भुक्तानि दिने।

**निर्णय नं. ४**

रेडियो चौतारीबाट रू १५०००।०० (अक्षेरूपी पन्ध्र हजार मात्र) र रेडियो भोटेवोडारबाट रू २५०००।०० (अक्षेरूपी पच्चिस हजार मात्र) आर्थिक सहायता माग भएको सम्वन्धमा छलफल गर्दा माग भए बमोजिमको रकम भुक्तानी दिने।

**निर्णय नं. ५**

एकीकृत शहरी स्वास्थ्य केन्द्र संचालनका लागी केन्द्रिय गोदाम पथलैयामा गई औषधि ढुवानी गर्दा लागेको रू २००००।०० (अक्षेरूपी बीस हजार मात्र) र उक्त औषधि लिन जादाँ सहभागीहरूले खाना आवास वापतको रकम रू १३६७०।०० ( अक्षेरूपी तेह्र हजार छ सय सत्तरी) गरी जम्मा रू ३३६७०।००(अक्षेरूपी तेतिस हजार छ सय सत्तरी) भुक्तानि दिने।

**निर्णय नं. ६**

यस नगरपालिका कार्यालय तथा अन्तर्गत कार्यरत सेवा करारमा रहेका कर्मचारीहरूको करार अवधि मिति २०७६ श्रावण १ गतेदेखी लागू हुने गरी १ महिना सम्मकोलागी थप गर्ने।

**निर्णय नं. ७**

श्री मर्स्याङदी आधारभूत विद्यालय पाउँदीबाट अन्तर विद्यालय स्तरीय आन्तरीक नृत्य, हिसाव दौड, चित्रकला लगाएतका कार्यक्रमहरू संचालन एवं व्यवस्थापन कार्यमा खर्च भएको रकम भुक्तानि सम्वन्धमा वडा नं. ७ कार्यालयको सिफारिस समेत संलग्न

गरि माग भएको सम्वन्धमा छलफल गर्दा नगर स्तरीय बालबालिका विविध प्रतियोगिता अन्तर्गतको स्वीकृत रकम मध्येबाट रू ५५०००।०० (अक्षेरूपी पचपन्न हजार मात्र) अनुदान सहयोग उपलव्ध गराउने।

**निर्णय नं. ८**

एक गाउँ एक उत्पादन सहयोग वार्षिक स्वीकृत कार्यक्रमकोलागी विनियोजित रकम रू ५०५०००।००(अक्षेरूपी पाँच लाख पाँच हजार मात्र) बाट वडा नं. ११ मा कार्यक्रम संचालनको लागि श्री शोभा मजाकोटीले पेश्की स्वरूप रू १६५०००।०० (अक्षेरूपी एक लाख पैसठ्ठी हजार मात्र) लिएकोमा विरूवा प्रप्त हुन नसकी खाडल खन्ने काम मात्र भएकोले पेश्की फछ्यौंट गरिदिनुहुन भनी प्राप्त भएको फाइलको सम्वन्धमा छलफल गर्दा प्राविधिक मूल्याङकन अनुसार हुने रकमबाट पेश्की फछ्यौंट गर्ने।

**निर्णय नं. ९**

नगरकार्यपालिकाको मिति २०७५ चैत्र १३ गतेको बैठकमा बायोग्यास प्लाण्ट जडान गर्ने निर्णय भएकोमा इच्छुक नगरवासीहरूको निवेदन मागको आधारमा श्री पशुपतिनाथ बायोग्यास तथा उर्जा विकास कम्पनि प्रा.लि. ले ७७ गोटा र मुक्तिनाथ बायोग्यास तथा उर्जा कम्पनि प्रा.लि.ले १२ गोटा गरी जम्मा ८९ गोटा बायोग्यास निर्माण सम्पन्न गरी अनुदान रकम भुक्तानि दिलाईदिनुहुन कम्पनीका तर्फबाट निवेदन माग भएको सम्वन्धमा छलफल हुँदा वडा कार्यालयबाट कार्यसम्पन्नताको सिफारिसका आधारमा प्रति वायोग्यास रू १८०००।०० (अक्षेरूपी अठार हजार मात्र) का दरले सम्बन्धित निर्माण कम्पनीलाई भुक्तानी दिने।

**निर्णय नं. १०**

यस नगरपालिकाको चालु खर्च शीर्षक तर्फको आवास खर्चबाट उक्त शीर्षककै विविध शीर्षकमा रू ५०००००।०० (अक्षेरूपी पाँच लाख) रकमान्तर गर्ने।

**निर्णय नं. ११**

तनहुँ जिल्ला रूपाकोट गा.वि.स. ७ निवासी डिल्लीराम मिश्रले सात थान नेपाली पुरस्कारको इतिहास नामक पुस्तक प्रकाशन प्रति पुस्तक रू १५९५।०० (अक्षेरूपी एक हजार पाँच सय पन्चानब्बे मात्र) का दरले कुल रकम रू १११६५।०० (अक्षेरूपी एघार हजार एक सय पैसठ्ि) माग भएको सम्वन्धमा छलफल गर्दा माग भए बमोजिमको रकम भुक्तानि दिने।

**निर्णय नं. १२**

यस नगरपालिकाका नगर प्रमुखले विभिन्न समयमा आवतजावत गर्दा खर्च भएका यात्रा विल, आवास, खाना खाजा खर्चवापत संलग्न बिल बमोजिमको रकम रू २१०७९।०० (अक्षेरूपी एक्काईस हजार उनानअसी मात्र) भुक्तानी दिने।

**निर्णय नं. १३**

यस नगरपालिका ६ निवासी शन्तोस के.सी. ले सुन्दरबजार लमजुङ कृषि क्याम्पसमा आयोजित विद्यालय स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता संचालन गर्दा ग्राउण्ड मर्मत गर्न बालुवा उपलव्ध गराएबापतको रकम माग भएको विषयमा छलफल हुँदा प्रति टिप ८०००।०० (अक्षेरूपी आठ हजार मात्र) का दरले ३ टिप बालुवाको कुल रकम रू २४०००।०० (अक्षेरूपी चौबीस हजार ) भुक्तानि दिने।

**निर्णय नं. १४**

यस नगरपालिकामा दुई गोटा नगरबस खरिद गर्ने कार्यक्रम अनुसार नगर बस खरिद सम्झौताको कार्य पश्चात बस डेलिभरी दिने अवस्था रहेकोमा सम्झौतामा उल्लेखित शर्त बमोजिमको प्रक्रिया पूरा गरी हस्तान्तरण गर्न यस आर्थिक वर्षमा सम्भव नदेखिएको सम्वन्धमा छलफल हुदाँ उक्त कार्यक्रमको जिम्मेवारी अर्को आ.व. ०७६।७७ मा सार्ने।

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत